# यूनिभर्सल पावर कम्पनी लिमिटेडको

## आ.व. २०७२/७३ को वार्षिक साधारण सभाको काम कारवाहिको विवरण (माईन्यूट)

### १. बैधानिक सभा

कम्पनी ऐन २०६३ र कम्पनीको नियमावली बमोजिम कम्पनीको आ.व. २०७२/७३ को वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री अनिल कुमार रुङ्टा ज्यूको अध्यक्षतामा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिम निर्णयहरु भयो ।

### २. सभाको मिति, स्थान र समय

मिति : जुलाई ९, २०१७ (आषाढ २५, २०७४)

समय : दिउँसोको ०२:०० बजे, आइतबार

स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

### ३. सभाको सुचना

सञ्चालक समितिको मिति जेष्ठ ७, २०७४ को निर्णय तथा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम वार्षिक साधारण सभाको सूचना तथा सभामा छलफल हुने विषयहरु सम्बन्धी सम्पूर्ण प्रस्तावहरु सबै शेयरधनीहरुको ठेगानामा पत्राचार गरी सोही बमोजिमको जानकारीका लागि मिति जेष्ठ २९, २०७४ र मिति आषाढ ५, २०७४ मा राष्ट्रिय दैनिक अभियान पत्रिकामा सूचना प्रकाशित भएको थियो ।

### ४. प्रस्तावहरु

**क) साधारण प्रस्तावहरु**

१. संचालक समितिको आ.व. २०७२/७३ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने ।

२. लेखा परिक्षकको प्रतिवेदन सहित आ.व. २०७२/७३ को वासलात, नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण माथि छलफल गरी अनुमोदन गर्ने ।

३. आ.व. २०७३/७४ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. कम्पनी ऐन र यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली अनुसार संचालकहरुको निर्वाचन ।

**ख) विविध**

UNIVERSAL POWER COMPANY LTD.

५. उपस्थिति

५.१ कम्पनी ऐन २०६३ को दफा ६८ बमोजिम उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री अनिल कुमार रुङ्टा | अध्यक्ष |
| २. श्री विनय कुमार भण्डारी | प्रबन्ध सञ्चालक |
| ३. श्री रमेश प्रसाद नेपाल | सञ्चालक |
| ४. श्री उत्तम ब्लोन लामा | सञ्चालक |
| ५. श्री पुष्पेन्द्र भट्टराई | सञ्चालक |

५.२ आमन्त्रित

| | |
|---|---|
| १. श्री सोम नाथ कँडेल | निर्वाचन अधिकृत |
| २. श्री आभाष पण्डित | गान्धी एण्ड एशोसिएट्सका तर्फबाट |
| ३. श्री जुविन निरौला खत्रि | कम्पनी सचिवको तर्फबाट |

५.३ शेयरधनीहरुको उपस्थिति

१. उपस्थित हुने साधारण शेयरधनीहरुको संख्या : ४

२. उपस्थित हुने अग्राधिकार शेयरधनीहरुको संख्या : ३९३

३. जम्मा उपस्थिति संख्या : ३९७

६. गणपुरक संख्या ( कम्पनी ऐन २०६३ को दफा ७३ अनुरुप )

आजको यो सभा बैधानिक भए नभएको तर्फ छलफल गर्दा कम्पनीको प्रबन्धपत्र तथा नियमावली बमोजिम शेयरधनीको गणपूरक संख्या पूरा भई सभाको वैधानिकता पुरा भएकोले सभाको कारवाही अगाडी बढाउन अध्यक्षज्यूले निर्देशन दिनुभयो ।

छलफल तथा निर्णयहरु :

प्रस्ताव नं ४. (क) १

अध्यक्षज्यूले कम्पनीको आ. व. २०७२/७३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै सो आ.व. का उपलब्धिहरु र भविष्यका योजनाहरु बारे चर्चा गर्नु भयो । उक्त प्रतिवेदन माथि निम्न शेयरधनी महानुभावहरुले निम्न बमोजिम जिज्ञासा राख्नुभयो ।

शेयरधनी श्री गौतम राई ज्यूले नेपालमा ३,००० मेगावाट उर्जा उत्पादन भयो भने प्रशस्त पुग्छ भन्ने सुन्नमा आएको छ र बेलाबेलामा सरकारी अधिकारीहरुबाट नै १०,००० मेगावाट उर्जा उत्पादन भयो भने प्रशस्त पुग्छ भन्ने पनि सुन्नमा आएको छ । सत्यकुरा के हो ? यदि आवश्यक भन्दा बढि उत्पादन भयो भने सरकारले क्षतिपुर्ति दिन्छ कि दिँदैन ? नेपाल विद्युत प्राधिकरणले खरिद गर्छ की गर्दैन ? वेभसाईटमा

UNIVERSAL POWER COMPANY LTD.

हेर्दा कम्पनी को Structure मा सि.ई.डि.बि. हाईड्रो फण्ड लिमिटेड १००% र खारे इन्भेष्टमेन्ट लिमिटेड ८८% भनी उल्लेख गरेको देखियो यसमा प्रस्ट पार्न अनुरोध गर्नु भयो । यस तल्लो खारे खोला जलविद्युत आयोजनाको विद्युत खरिद बिकी सम्झौता (Take or Pay) वा (Take & Pay) कस्तो सम्झौता हो भनि आफ्ना जिज्ञासा र प्रश्नहरु राख्नु भयो ।

त्यस्तै अर्का शेयरधनी श्री हेम राज सुवेदी ज्यूले Initial Public Offering (IPO) मा छिटो भन्दा छिटो जानुपर्‍यो र अग्राधिकार शेयरहरु कहिले सम्ममा साधारण शेयरहरुमा परिणत हुन्छ भनि आफ्ना जिज्ञासा र प्रश्नहरु राख्नु भयो ।

अर्का शेयरधनी श्री मनोहर लामिछाने ज्यूले किन धेरै पूँजी संकलन गरियो ? किन अग्राधिकार शेयर जारि गरियो ? साधारण शेयर किन जारी गरिएन ? हालको बजेटले आयोजना समयमा सम्पन्न हुन्छ कि हुँदैन भनि आफ्ना जिज्ञासा र प्रश्नहरु राख्नु भयो ।

त्यस्तै अर्का शेयरधनी श्री नेपाल मान डंगोल ज्यूले निर्माण सम्पन्न भएपछिका फाइदाहरुको बारेमा प्रष्ट पारिदिन आग्रह गनु भयो ।

साथै अन्य केही शेयरधनीहरुले TDS on cost of Fund भनेको केहो ? Advance from shareholders भनेको के हो ? Allowance, Salary, Meeting Allowance, Wages हरु गत आर्थिक बर्षको भन्दा यस आर्थिक बर्षमा किन बढी भयो ? ३० वर्ष पछि यो आयोजना सरकारले लिए पछि हामीलाई के हुन्छ ? भनि जिज्ञासा र प्रश्नहरु राख्नु भयो ।

उपरोक्त अनुसार कम्पनीले आगामी योजनाहरु लगायतका अन्य विषयहरुमा राखेको जिज्ञासा माथी कम्पनीका प्रबन्ध संचालकज्यूले प्रस्ट पार्नु भयो । तत्पश्चात अध्यक्षज्यूले पेश गर्नु भएको प्रतिवेदन सर्वसम्मतले पारित गरियो ।

**<u>प्रस्ताव नं. ४ (क) २</u>**

लेखापरीक्षकले तयार पार्नु भएको आ. व. २०७२/०७३ को वासलात, नाफा नोक्सान तथा आर्थिक विवरण वार्षिक साधारण सभामा स्वीकृतिका लागी पेश गरियो । लेखापरिक्षकले पेश गर्नुभएको आ.व. २०७२/७३ को प्रतिवेदन माथि छलफल भै उक्त प्रतिवेदन साधारण सभामा उपस्थित सबै शेयरधनीद्वारा सर्वसम्मतले पारित गरियो ।

**प्रस्ताव नं. ४ (क) ३**

अध्यक्षज्यूले आ.व. २०७३/७४ को लागी लेखापरीक्षक नियुक्ति गरी निजको पारिश्रमिक तय गर्ने प्रस्ताव बैठक समक्ष राख्नु भयो । अध्यक्षज्यू द्वारा कम्पनीको आ.व २०७३/७४ का लागि डि. एन. शाह एण्ड

UNIVERSAL POWER COMPANY LTD.

एसोसिएट्सका श्री डि. एन. शाह लाई नियुक्ति गर्ने र निजको पारिश्रमिक कर बाहेक रु. २,५०,०००/- (रु. दुई लाख पचास हजार मात्र) निर्धारण गर्ने प्रस्ताव बैठक सामु राख्नुभयो ।

उक्त प्रस्ताव माथि शेयरधनी श्री खगेन्द्र न्यौपाने ज्यूले लेखापरीक्षकको पारिश्रमिक गत आर्थिक बर्षको भन्दा किन बढेको भनि आफ्ना जिज्ञासा र प्रश्न राख्नु भयो । सो को बारेमा प्रबन्ध संचालकले प्रष्ट पार्नु भयो ।

छलफल पश्चात्, सबै शेयरधनीहरुद्वारा सर्वसम्मत्मा डि.एन. शाह एण्ड एसोसिएट्सका श्री डि.एन. शाह लाई आ.व. २०७३/७४ को लेखापरीक्षक नियुक्ति गरियो र निजको पारिश्रमिक कर बाहेक रु. २,५०,०००/- (रु. दुई लाख पचास हजार मात्र) हुने प्रस्ताव पारित गरियो ।

**प्रस्ताव नं.४ (क) ४**

अध्यक्ष ज्यूले यस कम्पनीको संचालक समितिमा संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ५ जना संचालकको कार्यकाल समाप्त भएको हुँदा उक्त ५ जना संचालकको निर्वाचन गर्न आवश्यक भएकोले निर्वाचन अधिकृत श्री सोम नाथ कँडेललाई निर्वाचनको प्रकृया सम्पन्न गर्न आमन्त्रित गर्नुभयो ।

निर्वाचन अधिकृत श्री सोम नाथ कँडेल ज्यूले संचालक समितिमा संस्थापक शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने ५ जना सञ्चालकको निर्वाचन सम्पन्न भै आगामी ४ वर्षको कार्यकालको लागि निम्न बमोजिमका सञ्चालकहरु निर्विरोध निर्वाचित हुनुभएको घोषणा गर्नुभयो ।

| | |
|---|---|
| १. श्री अनिल कुमार रुङ्गटा | सञ्चालक |
| २. श्री विनय कुमार भण्डारी | सञ्चालक |
| ३. श्री रमेश प्रसाद नेपाल | सञ्चालक |
| ४. श्री उत्तम ब्लोन लामा | सञ्चालक |
| ५. श्री पुष्पेन्द्र भट्टराई | सञ्चालक |

निर्वाचन अधिकृत श्री सोम नाथ कँडेल ज्यूले नवनिर्वाचित संचालकहरुलाई उहाँहरुको कार्यकालको सफलताको कामना गर्नुभयो ।

छलफलको लागि अन्य कुनै प्रस्ताव बाँकी नभएकोले कम्पनी सचिव ज्यूले उपस्थित शेयरधनीहरु तथा संचालकहरुलाई धन्यवाद दिँदै आजको साधारण सभाको बैठक समापन भएको घोषणा गर्नुभयो ।

................................
कम्पनी सचिव

UNIVERSAL POWER COMPANY LTD.

Anil K. Rungta
................................
अध्यक्ष

Anil K. Rungta